कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

# पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय

जाजरकोट

प.सं.२०८३/०८४ | च.न. ०५ | मिति : २०८३/०४/२०

बिषयः आवश्यक कागजातहरु पेश गर्ने सम्बन्धमा।

श्री निर्माण व्यावसायी सबै।

प्रस्तुत विषयमा यस कार्यालयबाट विगत आ.ब.हरुमा सम्झौता भै सञ्चालनमा रहेको र सम्झौता बमोजिमको काम सम्पन्न हुन नसकेका विभिन्न आयोजनाहरुको म्याद थप सम्बन्धमा सार्वजनिक खरिद (पन्ध्रौ संशोधन) नियमावली,२०८३ मा भएको व्यबस्था बमोजिम तपाई सम्बन्धित निर्माण व्यावसायी सबैले संशोधित नियमावलीमा उल्लेखित शर्तहरुको अधिनमा रहि म्याद थप सम्बन्धी आवश्यक पर्ने सम्पुर्ण कागजातहरु संशोधित कार्यतालिका,कार्यतालिका बमोजिम कार्य सम्पन्न हुने आधार सहितको सुनिश्चितता गरेको कबुलियतनामा तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धता, कार्यसम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानतको म्याद थप गरी मिति २०८३ श्रावण २७ गते भित्र कार्यालयमा भौतिक रुपमा उपस्थित भएर वा कार्यालयको ईमेल ठेगानाःidojajarkot@gmail.com मा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै विगत आ.व.मा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (क) बमोजिम म्याद थप भई अवधि सकिएका र कम्तीमा ५० प्रतिशत भौतिक कार्य प्रगति भएका र आ.व.२०८२/८३ मा खरिद सम्झौता भई म्याद सकिएका आयोजना सँग सम्बन्धित निर्माण व्याबशायीहरुले मात्र निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ। तोकिएको अवधि भन्दा पछि पेश हुने निवेदन सम्बन्धमा कार्यालयबाट म्यादको कुनै पनि प्रक्रिया अगाडि नबढाउने व्यहोरा समेत जानकारी गराइन्छ।

.....................................

(ई.भुपेन्द्र प्रसाद जैसी )

कार्यालय प्रमुख

**ई. भुपेन्द्र प्रसाद जैसी**

**कार्यालय प्रमुख**

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असार ३० गते, २०८३ साल (अतिरिक्ताङ्क २६

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर २७**

**सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३**

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क. मा संशोधन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क. को सट्टा देहायको नियम १२०क. राखिएको छ :-

"१२०क. **खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था** : (१) नियम १२० मा उल्लेख भए बाहेकको देहाय बमोजिमको कुनै कारणले तोकिएको म्यादभित्र खरिद सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकी अधुरो रहेको तर यो नियम प्रारम्भ हुनुअघि बहाल रहेको नियम १२०क. बमोजिम म्याद थप भई सो म्याद सकिएको वा म्याद थप हुन नसकेको कम्तीमा पचास प्रतिशत भौतिक कार्य प्रगति भएको खरिद सम्झौता र आ. व. २०८२/८३ मा खरिद सम्झौता भई म्याद सकिएका सम्झौताको हकमा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले कुन, कुन काम के, कस्तो कारणले हुन नसकेको हो, सोको कारण, औचित्य, पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका, सो कार्यतालिका बमोजिम कार्यसम्पन्न हुने आधार सहितको सुनिश्चितता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको कबुलियतनामा तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धतासहित यो नियम प्रारम्भ भएको मितिले तिस दिनभित्र सम्बन्धित सार्वजनिक निकायसमक्ष निवेदन दिन सक्नेछ :-

(क) नेपाल सरकार, मन्त्रिपरिषद् वा सार्वजनिक निकायबाट जुनसुकै कारणले खरिद सम्झौताको कार्यान्वयन स्थगन भएका,

(ख) वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन हुन छुट भएका,

(ग) बजेट अपुग भई समयमा भुक्तानी हुन नसकेका, वा

(घ) खरिद सम्झौताका सर्तहरूमा उल्लिखित कम्पेन्सेशन इभेन्ट्समा उल्लेख भएका अन्य कारण।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिम पेस भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पुनः पेस गर्न सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकलाई निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको कार्यतालिकाको आधारमा बाँकी कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जमानतको अवधि कायम रहेको सुनिश्चित गरी सार्वजनिक निकायको प्रमुखले अन्तिम पटक म्याद थप गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको म्याद थप सम्बन्धी निर्णय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको मितिले तिस दिनभित्र गरिसक्नु पर्नेछ। त्यसरी समयमा नै म्याद थप सम्बन्धी निर्णय नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्नुपर्नेछ।

(५) यस नियमबमोजिम थप गरिएको म्यादको पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन।

(६) उपनियम (१) बमोजिमको अवधिभित्र सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा वा यस नियम बमोजिम थप गरिएको अवधिसम्म पनि सम्झौता बमोजिमको कार्य सम्पन्न नभएमा खरिद सम्झौताको अन्त्य गर्नुपर्नेछ।

(७) उपनियम (६) बमोजिम खरिद सम्झौता अन्त्य भएमा कार्यसम्पादन जमानत जफत गरी सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकलाई कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ।

(८) उपनियम (१) बमोजिम थप गरिएको अवधिमा पेस भएको कार्यतालिका बमोजिम कार्य प्रगति भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालयले अनुगमन गर्नु गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) उपनियम (१) बमोजिम थप गरिएको अवधिको गणना म्याद थप सम्बन्धी निर्णय भएको मितिबाट हुनेछ। सो मितिसम्म व्यतित भइसकेको अवधि स्वतः थप भएको मानिनेछ। माइलस्टोन तोकिएको खरिद सम्झौताको हकमा खरिद सम्झौताको म्याद थपसँगै आवश्यकता अनुसार माइलस्टोनसमेत परिमार्जन गर्न सकिनेछ।"

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-**
**गो.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।